# चुरे राजपत्र

## चुरे गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या १३ मिति २०७९ पौष २७

# भाग १

## चुरे गाउँपालिकाको सूचना

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:**

## कर तथा गैरकर राजस्व परिचालन (कार्यविधि) ऐन, २०७९

**प्रस्तावना:** चुरे गाउँपालिकाको समग्र विकासका लागि आवश्यक पर्ने वित्तीय साधन र स्रोतको प्रबन्ध गर्ने प्रयोजनको निमित्त चुरे गाउँपालिकामा कर तथा गैर कर राजस्व लगाउने तथा उठाउने

सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

चुरे गाउँपालिकाको गाउँ सभाले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन चुरे गाउँपालिका क्षेत्रभर लागू हुनेछ

(३) यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत यो ऐन प्रभावकारी हुनेछ ।

(३) यो ऐन चुरे गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “कम्पनी” भन्नाले प्रचलित नेपालको कानून बमोजिम संस्थापन भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानूनबमोजिम स्थापित सङ्गठित संस्थालाई समेत जनाउँछ ।

(ख) “कर” भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ र यो शब्दले सो करको अतिरिक्त यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम सोमा लाग्ने शुल्क वा जरिवानालाई समेत जनाउँछ ।

(ग) “कर अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ र सो शब्दले दफा ७ बमोजिम कर अधिकृतको रुपमा काम

गर्न जिम्मेवारी प्राप्त कर्मचारी वा दफा ९ बमोजिम प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने गाउँपालिकाको अधिकृत कर्मचारीलाई समेत जनाउँछ ।

(घ) “कर एकाइ” भन्नाले गाउँपालिकामा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने अख्तियार प्राप्त कार्यपालिकाको कार्यालय अन्तरगतको विभाग/शाखा/उपशाखा, वडा कार्यालय वा राजस्व प्रशासनका निम्ति गठन गरिएको प्रशासनीक एकाइ सम्झनु पर्छ ।

(ङ) “करदाता” भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शव्दले कर अधिकृतले

करको विवरण बुझाउन सूचना दिएको वा राजस्व समबद्ध अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(च) "कर निर्धारण" भन्नाले यस ऐन र अन्य प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ज) " गाउँपालिका" भन्नाले चुरे गाउँपालिका सम्झनु पर्छ ।

(झ) "गैरकर राजस्व" भन्नाले परिच्छेद- १० बमोजिम लाग्ने वा लागेको राजस्व सम्झनु पर्छ ।

(ञ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) “परिवार” भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनु पर्छ ।

(ठ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ड) “फर्म” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा दर्ता गर्ने

प्रक्रियामा रहेको जुनसुकै फर्म सम्झनु पर्छ ।

(ढ) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति, कम्पनी, फर्म, एवम् संघ संस्था सम्झनु पर्छ ।

(ण) "सभा" भन्नाले गाउँपालिकाको सभा सम्झनु पर्छ ।

(त) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. **व्याख्याः** यस ऐनमा परिभाषा गरिएका लवजको सोही अनुसार र अरुको हकमा प्रचलित कानून व्याख्या सम्बन्धी संघीय ऐन तथा यस ऐनको दफा ४ बमोजिमका सिद्धान्तका आधारमा व्याख्या गरिनेछ ।

## परिच्छेद - २

## राजस्व सम्बन्धी सामान्य सिद्धान्त, क्षेत्र र आधार

४. **राजस्व सम्बन्धी सामान्य सिद्धान्तः** (१) कर राजस्व देहायका सिद्धान्तमा आधारित भई लगाईने र उठाइनेछः-

(क) करदाताको करतिर्न सक्ने क्षमता,

(ख) समानता र न्यायमा आधारित,

(ग) सरलता, पारदर्शीता र मितव्ययीता,

(घ) नागरिक सेवासुविधामा प्रभावकारिता,

(ङ) कर तिर्ने स्व उत्प्रेरणा ,

(च) कराधार, करको दर र तिर्ने अवधी र स्थानको सुनिश्चितता,

(छ) भूतप्रभावी असर नपर्ने ।

(ज) राजस्व को दीगो आधार ।

(२) गैरकर राजस्व गाउँपालिकाबाट उपलब्ध गराइने सेवा, सुविधा र सहुलियतको लागत, सञ्चालन खर्च र नियमित सेवा प्रवाह गर्न लाग्ने

लागतलाई आधार मानी तोकिने र संकलन गरिनेछ ।

५. **राजस्वका क्षेत्र र आधारः** (१) गाउँपालिकाले यस ऐन बमोजिमको कर, जरिवाना, शुल्क (फी), व्याज (हर्जाना) तथा सेवाशुल्क रदस्तुरबाट राजस्व सङ्कलन गर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित क्षेत्र र आधार बाहेक प्रचलित कानून बमोजिम अन्य कर तथा गैर कर राजस्व अधिकार गाउँपालिकालाई थप भएको अवस्थामा त्यस्तो राजस्व बार्षिक आर्थिक ऐनले तोकेको आधारमा संकलन गरिनेछ ।

## परिच्छेद - ३

## कर प्रशासन सम्बन्धी व्यवस्था

६. **कर प्रशासनः** (१) संविधानको व्यवस्था र प्रचलित कानून अनुरुप आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैर करको प्रशासन गाउँपालिकाले संचालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन चुस्त, दुरुस्त, व्यवसायिक, लागत प्रभावी र प्रभावकारी बनाउन

गाउँपालिकामा आवश्यकता अनुसार कर एकाइ रहनेछन् ।

७. **<u>कर्मचारी सम्बन्धी व्यवस्था</u>:** (१) कर एकाइमा रहने कर्मचारीको व्यवस्थापन गाउँपालिकाले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन बमोजिम हुनेछ ।

(२) कर एकाइमा स्वीकृत दरबन्दीका आधारमा एक वा सोभन्दा बढी तहका कर अधिकृत, कर सहायक तथा सहयोगी कर्मचारीलाई काममा लगाउन सकिनेछ ।

८. **<u>कर अधिकृतको काम, कर्तव्य र अधिकार</u>:** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको मुख्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने,

(घ) कर तथा गैरकर राजस्व सङ्कलन गर्ने,

(ङ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,

(च) करदातामैत्री कार्य वातावरण बनाउन आवश्यक कार्य गर्ने,

(छ) कर सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने,

(ज) कर सम्बन्धी कानून र कर प्रशासन सुधारका उपायहरु बारे कार्यपालिकालाई सुझाव दिने,

(झ) राजस्व प्रक्षेपणका लागि सूचना उपलब्ध गराउने,

(ञ) करदाताको खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने र बेला बेलामा परीक्षण गर्ने,

(ट) राजस्व सम्बन्धी बिवरण तथा अभिलेखहरु सुरक्षित र व्यबस्थित रुपमा राख्ने,

(ठ) राजस्व सुधार योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गर्ने,

(ड) स्थानीय राजस्व नीति र करका दर सम्बन्धमा निजीक्षेत्रसँग अन्तरक्रिया गरी सुझाव लिने

(ढ) राजस्व सम्बन्धी अनुगमन गर्ने,

(ण) राजस्व सम्बन्धी गुनासो सुन्ने,

(त) राजस्व सम्बन्धी तोकिएका अन्य काम गर्ने ।

९. <u>**अधिकार प्रत्यायोजनः**</u> (१) प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस ऐन बमोजिम आफूमा रहेको कर तथा गैरकर राजस्व उठाउने अधिकार आफू मातहतको कर एकाईमा कार्यरत कर

अधिकृत एवम् सहायक कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा कार्यपालिकाबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

१०. **प्रत्यायोजित अधिकार र जिम्मेवारीः** (१) यस ऐन बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा नै निहित रहनेछ ।

(२) प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर्मचारीले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारीप्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## कर राजस्व सम्बन्धी व्यबस्था

११. **<u>सम्पत्ति कर:</u>** (१) गाउँपालिका क्षेत्रभित्रको घर र जग्गामा स्थानीय आर्थिक ऐनले तोकेको दरमा सम्पत्ति कर लगाइनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएको अन्य जग्गामा दफा १२ बमोजिम मालपोत (भूमीकर) लगाइनेछ ।

***स्पष्टीकरण:*** *यस दफाको प्रयोजनका लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ ।*

(३) उपदफा (१) को प्रयोजनका लागि घर र जग्गाको मूल्याङ्कन गर्दा देहायका आधारमा गरिनेछः

(क) घर र जग्गाको आकार, प्रकार, बनावटको अवस्था,

(ख) घर र जग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय वा अन्य उपयोगको अवस्था ।

(४) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिक स्थिति र कर तिर्न सक्ने क्षमताका आधारमा गर्नुपर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर र जग्गामा सम्पत्ति कर लाग्नेछैनः

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र जग्गा,

(ग) गुठीको स्वामित्वमा भएको घर र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति,

प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र जग्गा,

तर मुनाफाको उद्देश्य रहेका सबै प्रतिष्ठानले सम्पत्ति कर तिर्नु पर्नेछ ।

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र जग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र जग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रङ्गशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) राजदूतावास, कुटनैतिक तथा वाणिज्य नियोगका घर र जग्गा ।

(६) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गाको अभिलेख प्रत्येक आर्थिक वर्षमा अध्यवधिक गरी राख्नु पर्नेछ ।

(७) सम्पत्तिको मूल्याङ्कनका लागि गाउँपालिकाले दक्ष वा विशेषज्ञ सहित बढीमा पाँच सदस्य रहेको सम्पत्ति कर मूल्याङ्कन समिति गठन गर्नेछ र यस्तो समिति गठन नभएको अवस्थामा गाउँपालिकाको राजश्व परामर्श समितिले नै मूल्याङ्कन समितिको कार्य गर्नेछ ।

(८) उपदफा (७) बमोजिम गठित समितिको कार्यावधि तीन वर्षको हुनेछ र समितिले तीन वर्ष अवधिका लागि घर जग्गा मूल्याङ्कनका आधार र दररेटको सुझाव गाउँपालिकामा सिफारिश गर्नेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो

सम्पत्ति सोही व्यक्तिको नाममा कायम हुने;

(ख) कुनै सम्पत्ति एकभन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको वराबर हक कायम हुने;

(१०) करदाताले यस दफा बमोजिमको सम्पत्ति कर वार्षिक रुपमा तिर्नु पर्नेछ ।

१२. **भूमीकर (मालपोत)**: (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा बार्षिक आर्थिक ऐनले तोकेको दरमा भूमीकर (मालपोत) लगाउने र उठाउनेछ ।

(२) गाउँपालिकाले यस दफा बमोजिमको भूमीकर (मालपोत) र दफा ११ बमोजिमको सम्पत्ति कर एकैसाथ उठाउन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गुठीको स्वामित्वमा रहेको जग्गा र कूटनीतिक नियोगको नाममा रहेको जग्गामा भूमीकर ( मालपोत) लाग्ने छैन ।

(४) करदाताले यस दफा बमोजिमको भूमीकर (मालपोत) वार्षिक रुपमा तिर्नु पर्नेछ ।

(५) गाउँपालिकाले प्राकृतिक प्रकोप वा विशेष परिस्थितिको सिर्जना भएको अवस्थामा मात्र स्पष्ट आधार र कारण खोली पुरै वा खास खास क्षेत्र तोकी त्यस्ता क्षेत्रको जग्गाको भूमीकर ( मालपोत) बुझाउने म्याद बढाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम थप भएको म्यादभित्र भूमीकर (मालपोत) बुझाएकोमा म्यादभित्र बुझाएको मानिनेछ र थप शुल्क एवम् जरिवाना लाग्ने छैन ।

(७) प्राकृतिक प्रकोप वा विशेष परिस्थितिको अवस्थामा कार्यपालिकाले सोको स्पष्ट आधार र कारण खोली प्रभावित सबैले समान सुविधा पाउने गरी

भूमीकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना सभाको बैठक चलेको भए सभाको बैठकमा र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेश गरी समर्थन गराउनु पर्नेछ ।

१३. **व्यबसाय कर:** (१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यबसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले आफ्नो व्यवसाय गाउँपालिकाले व्यवस्था गरेको कानून बमोजिम दर्ता गर्नुपर्नेछ ।

तर, यो ऐन प्रारम्भ हुनु अगावै गाउँपालिकामा दर्ता नगरी सञ्चालन भैरहेका व्यबसाय यो ऐन जारी भएको मितिले छ महिनाभित्र यस ऐन बमोजिम दर्ता गराउन वाधा पर्ने छैन ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यबसाय वा सेवाजन्य फर्म वा कम्पनीलाई पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा बर्गीकरण गरी बार्षिक आर्थिक ऐनले

तोकेको दरमा व्यबसाय दर्ता र नवीकरण दस्तुर र बार्षिक कारोबारको आधारमा व्यबसाय कर लगाउने र उठाउनेछ ।

(३) उपदफा (१) बमोजिम व्यबसाय दर्ता गरी सोको प्रमाणपत्र प्राप्त गर्ने व्यबसायीले वार्षिक रुपमा कर चुक्ता गरी व्यबसाय नविकरण गराउनु पर्नेछ ।

(४) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यबसाय वा शाखा एक वा एकभन्दा बढी स्थानमा सञ्चालन गरेकोमा साठ्ठी दिनभित्र सोको जानकारी कर एकाइलाई दिनु पर्नेछ ।

(५) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण सहित साठी दिनभित्र कर एकाइमा जानकारी गराउनु पर्नेछ ।

(६) करदाताले यस दफा बमोजिम पेश गरेको विवरण कर अधिकृतले आवश्यक छानबिन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(७) एक पटक व्यबसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यबसाय सञ्चालनमा रहेको मानी कर असूल गरिनेछ ।

(८) कुनै करदाताले व्यबसाय बन्द गर्न चाहेमा यस ऐन बमोजिम लाग्ने कर बुझाई व्यबसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

**१४. घर बहाल कर:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा घर बहाल कर लगाउने र असूल उपर गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वामित्व कायम नभएको ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोवास गर्ने व्यक्तिले आफ्नो घर जग्गा अन्य व्यक्ति वा संस्थालाई वहालमा दिएको वा कुनै जग्गा लिजमा लिई घर बहालमा दिएकोमा समेत

गाउँपालिकाले यस ऐन बमोजिम घर बहाल कर लगाउनेछ ।

(३) उपदफा (२) बमोजिम बहाल कर तिरेको आधारमा मात्र ऐलानी वा पर्ति वा सार्वजनिक जग्गामा बसोबास गर्ने वा त्यस्तो जग्गाको उपयोग गर्ने व्यक्तिको स्वामित्व कायम भएको मानिने छैन र त्यस्तो जग्गा नेपाल सरकार वा अन्य सरकारी निकायबाट प्रचलित कानून बमोजिम खाली गर्ने वा संरचना हटाउने कार्यलाई यस ऐन बमोजिम बहाल कर तिरेको कारणले कुनै किसिमले बाधा पारेको मानिनेछैन ।

(४) उपदफा (१) र (२) बमोजिम लगाइने घर बहाल करको दर गाउँपालिकाको बार्षिक आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(५) घर बहाल करको प्रयोजनको लागि गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घरजग्गाको व्यापारिक महत्व र शहरी सेवा सुविधाको विचार गरी घर तथा जग्गाको आकार, प्रकार र बनावट समेतका आधारमा वर्गीकरण गरी

बहालको न्यूनतम् दर निर्धारण गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम दाखिला गर्नुपर्ने घर बहाल कर बार्षिक रुपमा वुझाउनु पर्नेछ ।

१५. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटी, खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य जीवजन्तु र यस्ता मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत बार्षिक आर्थिक ऐनले तोकेको दरमा जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

***स्पष्टीकरण:*** *यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले बिक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्छ र गाउँपालिकाले कर लगाउँदा त्यस्तो कारोवारलाई आधार मानी कर लगाउन सक्नेछ ।*

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यावसायिक कारोवार गर्ने ब्यक्ती वा संस्थालाई गाउँपालिकाले व्यवसाय इजाजत दिदा करका शर्त र भुक्तानी विधि समेत तोकी इजाजत दिनेछ ।

१६. **सवारी साधन कर:** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा गाउँपालिकाले बार्षिक आर्थिक ऐनमा तोकिएको दरमा सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, अनुमति, नवीकरण तथा नियमन गाउँपालिकाको कानून बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम लगाइएको कर सवारीधनीले वार्षिक रुपमा वुझाउनु पर्नेछ ।

१७. **विज्ञापन कर:** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन र प्रचारप्रसारका लागि राख्न दिने साइनबोर्ड, डिजिटल बोर्ड, ग्लोबोर्ड, स्टल आदिमा स्थानीय आर्थिक ऐनले

तोकेको दरमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

तर, नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय सरकारका तर्फबाट राखेका जनचेतनामूलक विज्ञापनमा यस ऐन बमोजिमको कर लगाइने छैन ।

(२) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न चाहने व्यक्ति वा संस्थाले गाउँपालिकाबाट पूर्व अनुमति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति पत्र दिँदा सर्वसाधारण जनताको हित सम्बन्धी कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, जरिवाना, सौन्दर्य विगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त निश्चित गरिएको हुनु पर्नेछ ।

(४) कुनै कम्पनी, फर्म, एजेन्सी, संघ संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचनापाटी वा होर्डिंग बोर्ड राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट

असूल गरी कर एकाइ वा सो एकाइले तोकेको बैंक खातामा दाखिला गर्नुपर्नेछ।

(५) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संघ संस्थाका जग्गा वा सम्पत्तिमा राखिने विज्ञापन सामग्रीमा कर लगाउँदा सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेछ।

(६) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको करमा छुट वा मिनाहा हुने छैन।

(७) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन कर बापतको रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी प्रचलित कानून बमोजिम प्रदेश सरकारसँग बाँडफाँट गरिनेछ।

**१८.** **मनोरञ्जन कर:** (१) गाउँपालिका क्षेत्रभित्र प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम असूल गरेको मनोरञ्जन करको रकम गाउँपालिकाको स्थानीय विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम स्थानीय विभाज्य कोषमा दाखिला भएको कर रकम प्रचलित कानून बमोजिम प्रदेश सरकारसँग बाँडफाँट गरिनेछ ।

१९. **<u>घर जग्गा रजिष्ट्रेशन शुल्कः</u>** (१) गाउँपालिकाले प्रदेश कानूनले तोके बमोजिम घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क उठाउन गाउँपालिकामा साधन, स्रोत, जनशक्ति, प्रविधि र कार्यालय व्यवस्थापन नभएसम्मका लागि कर उठाउने व्यवस्था नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम उठेको रकम प्रचलित कानून बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा गरी प्रदेश सरकारसँग बाँडफाँट गरिनेछ ।

## परिच्छेद - ५

## करदाता दर्ता र विवरण दाखिला सम्वन्धी व्यवस्था

२०. **करदाताको पहिचान तथा दर्ता:** (१) कर एकाइले आफ्नो क्षेत्रभित्र यस ऐन बमोजिम कर तिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोबार र कर एकाइलाई कुनै स्रोतबाट प्राप्त सूचना एवम् सो एकाइले छानविन गर्दा प्राप्त भएका तथ्य समेतका आधारमा गरिनेछ ।

(३) कर एकाइले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी प्रत्येक करदातालाई निश्चित पहिचान नम्वर प्रदान गरी व्यक्तिगत अभिलेखमा दर्ता गरी राख्नु पर्नेछ । कुनै करदाताले नेपाल सरकारका निकाय वा प्रादेशिक निकायबाट स्थायी करदाता परिचयपत्र लिएको भएमा सो समेत अद्यावधिक गराइ राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम करदाताको पहिचान नम्बर प्रदान गर्दा करदाताले गाउँपालिकालाई प्रचलित

कानून बमोजिम तिर्नु बुझाउनु पर्ने सबै करको लागि एउटै करदाता पहिचान नम्बर कायम गर्ने व्यबस्था मिलाउन सकिनेछ ।

(५) गाउँपालिकाबाट करदाता पहिचान नम्बर प्राप्त गरेका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही करदाता पहिचान नम्बर वा स्थायी लेखा नम्बरको प्रयोग गर्नु पर्नेछ ।

२१. **करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तब्य भएका करदाताको दायित्व देहाय बमोजिम हुनेछः

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा कर विवरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) करको हिसाव किताव र अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना एवम् तथ्याङ्क समयमा नै उपलब्ध गराउने,

(छ) कर सङ्कलन कार्यमा गाउँपालिका र सम्वन्धित कर एकाइलाई सहयोग गर्ने ।

२२. <u>**करदाताको अधिकारः**</u> (१) यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तब्य भएका करदाताको देहाय बमोजिमको अधिकार हुनेछः

(क) सम्मानपूर्वक व्यवहार पाउने अधिकार,

(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

(घ) कर पुनरावलोकनको निम्ति अनुरोध गर्ने अधिकार

(ङ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार,

(च) यस ऐनमा उल्लेख भए बाहेक करदाताको कर सम्बन्धी सूचना, तथ्याङ्क र विवरणको गोपनियता अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ ।

२३. **करदाताको प्रतिनिधित्व:** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरिक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेशले गर्न सक्नेछ ।

***स्पस्टीकरण:*** *यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ।*

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्नसक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयंले गरेको मानिनेछ।

२४. **विवरण दाखिला गर्न आदेश दिन सक्ने:** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शङ्का गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले तीस दिनभित्र कर एकाइमा विवरण दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली

समयावधी थपको लागि निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्य हेरी तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

२५. **<u>विवरण सच्याउन सकिने</u>:** (१) यस परिच्छेद बमोजिमको विवरण दाखिला भैसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले सो सम्बन्धी तथ्य वा प्रमाण संलग्न गरी पहिलो विवरण दाखिला गरेको मितिले तीन महिनाभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्न लगाई व्यहोरा मनासिव भएको ठहर गरेको अवस्थामा तीस दिनभित्र विवरण सच्याउने अनुमति दिन सक्नेछ ।

## परिच्छेद - ६

## कर दाखिला, कर फिर्ता र समायोजन सम्बन्धी व्यबस्था

२६. **कर दाखिला गर्नुपर्ने:** यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर सम्बन्धित परिच्छेदहरुमा समय उल्लेख गरिएकोमा सोही समय सीमाभित्र र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तभित्र कर एकाइमा दाखिला गर्नु पर्नेछ ।

२७. **कर दाखिलाको निस्सा दिनुपर्ने:** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझिलिए पछि त्यस्तो राजस्व बुझ्ने कर्मचारीले करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

२८. **करफिर्ता सम्वन्धी व्यबस्था:** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर फिर्ताको लागि परेको निवेदनको व्यहोरा साँचो ठरिएमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृती लिई निवेदन परेको ३० दिन भित्र माग

बमोजिम कर फिर्ता वा समायोजन गरी दिनु पर्नेछ ।

२९. **कर समायोजन सम्वन्धी व्यवस्थाः** (१) करदाताले दफा २८ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको निवेदनको व्यहोरा साँचो देखिएमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई निवेदन प्राप्त भएको तीस दिनभित्र माग बमोजिम कर रकम समायोजन गर्ने आदेश दिनु पर्नेछ ।

## परिच्छेद - ७

## कर परीक्षण, कर निर्धारण र कर सङ्कलन सम्बन्धी व्यवस्था

३०. **कर परीक्षण र कर निर्धारणः** (१) यस ऐन वमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायकामध्ये सबै वा कुनै कार्य भएगरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) गलत वा झुठो कागजात र विवरण पेश गरिएको देखिएमा,

(ग) कारोबारको विबरण यथार्थ देखाएको भनी विश्वास गर्न सकिने मनासिब कारण नदेखिएमा,

(घ) कारोवारका आधारमा करको दायित्व कम देखाएमा,

(ङ) करको दर फरक पारेमा,

(च) कानून बमोजिम कर छुट वा मिन्हा हुन नसक्ने स्थितिमा पनि सोको दावी गरेमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा कर अधिकृतले करदातालाई सो को आधार र कारण

खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र स्पष्टीकरण पेश गरेकोमा सो समेतलाई आधार मानी तथा स्पष्टीकरण पेश नगरेको अवस्थामा प्रचलित कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

३०. **कर निर्धारणको सूचनाः** (१) यस ऐन बमोजिम कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम बारे करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ र यस्तो सूचना विजक जारी गरी वा पत्र मार्फत वा इमेल वा एसएमएसवाट दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ र समयभन्दा पहिले कर दाखिला गर्ने

करदातालाई बार्षिक आर्थिक ऐनमा तोकिए बमोजिमको छुट वा सहुलियत दिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना अनुसार बुझाउनु पर्ने कर बापतको रकम करदाताले नगदै कर एकाइमा दाखिला गर्न वा गाउँपालिकाले तोकेको बैंक खातामा दाखिला गरेको अवस्थामा सोको बैंक दाखिला भौचर यथाशीघ्र कर एकाइमा बुझाउनु पर्नेछ ।

३१. **कर संकलन सम्बन्धी व्यबस्थाः** (१) यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर तथा गैर कर राजस्व वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरीका अपनाई कर असूल गर्न सक्नेछः

(क) करदातालाई फिर्ता गर्नुपर्ने कुनै रकम भए त्यसमा कट्टी गरेर,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका

संघ संस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर,

(ग) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर,

(घ) करदाताको कारोबार रोक्का गरेर,

(ङ) करदाताको चल तथा अचल सम्पत्ति दावी वा कव्जा गरेर,

(च) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम विक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनुपूर्व नै करदाताले कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कर रकमको थप पाँच प्रतिशत जरिवाना सहित कर असूल उपर

गरी लिलाम सम्बन्धी कारबाही अन्त्य गर्न सकिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम तीस दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३२. **किस्तावन्दीमा कर असूली:** कुनै खास करदातालाई विशेष परिस्थितिमा तोकिएको समय भित्र कर तिर्न नसक्ने अवस्था सिर्जना भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण मनासिव देखिएमा पर्चा खडा गरी प्रमुख प्रशासकीय अधिकृतको आदेश अनुरुप बढीमा एक बर्षभित्र तीन किस्तासम्ममा कर दाखिला गर्न आदेश दिन सकिनेछ ।

## परिच्छेद - ८

## शुल्क र जरिमाना सम्बन्धी व्यबस्था

३३. **शुल्क बुझाउनु पर्ने** : कुनै पनि सेवाग्राहिले सेवा लिनु पुर्व तोकिएको शुल्क बुझाउनु पर्नेछ ।

३४. **जरिवाना लाग्ने**: (१) गाउँपालिकाको स्वीकृति बेगर स्थानीय/शहरी सुव्यबस्थामा प्रतिकूल असर पर्ने गरी कानून विपरित सडक/सडकपेटी अतिक्रमण गर्ने, आवागमनमा अवरोध गर्ने, निर्माण सामग्री सडक वा सार्वजनिक स्थलमा जथाभावी थुपार्ने, वायु तथा ध्वनी प्रदुषण गर्ने, जथाभावी फोहोरमैला निष्काशन गर्ने जस्ता कार्य गर्ने गराउने र स्थानीय कानून विपरित अन्य कार्य गर्ने व्यक्तिलाई बार्षिक आर्थिक ऐनमा तोकिए बमोजिमको जरिवाना लगाई असूल उपर गरिनेछ ।

(२) यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तब्य भएका करदाताले आफ्नो अभिलेख नराखेमा रु एक हजार, सो बिवरण करदाताले समयमा विवरण दाखिला नगरेमा रु एक  हजार र  कुनै करदाताले कर छल्ने नियत लिई झुट्टा वा अधुरो विवरण दाखिला गरेमा रु पाँच हजार जरिवाना लाग्नेछ ।

## परिच्छेद - ९

## प्रशासकीय पुनरावलोकन र पुनराबेदन

**३५.** **प्रशासकीय पुनरावलोकन हुन सक्ने**: यस ऐन बमोजिमका देहायको निर्णय उपर प्रशासकीय पुनरावलोकन हुन सक्नेछः

(क) कर अधिकृतले गरेको कर निर्धारण सम्बन्धी निर्णय उपर,

(ख) यस ऐनबमोजिम लाग्ने वा लागेको कर र गैरकर राजस्व तथा अन्य दस्तुर, शुल्क, जरिवाना सम्बन्धी निर्णय उपर ।

**३६.** **प्रशासकीय पुनरावलोकनको प्रक्रियाः** (१) यस ऐन वमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन उपर तीस कार्यदिन भित्र कारबाही र किनारा गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने व्यक्तिले विवादित बाँकी करको पचास प्रतिशत रकम धरौटी नगदै राख्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम राखिएको धरौटी पुनरावलोकन प्रकृया समाप्त भएपछि तिर्नुपर्ने करमा समायोजन हुने र तिर्न नपर्ने भएमा सम्बन्धित करदातालाई फिर्ता दिइनेछ ।

३७. **उजुरी नलाग्नेः** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजूर बाजूर लाग्ने छैन ।

३८. **पुनरावेदन दिन सक्नेः** प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने कारण सहित जानकारी भएको मितिले साठी दिनभित्र चित्त नबुझ्ने पक्षले

प्रचलित कानून बमोजिम पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद - १०

## गैरकर राजस्व

३९. **सेवा शुल्क तथा दस्तुर:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका स्थानीय पर्यटनजन्य, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी अनुसूची १ मा उल्लिखित सेवा वा व्यवसायमा बार्षिक आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क लगाइ असूल उपर गर्नेछ ।

तर, सीमा नदी वा अर्को स्थानीय तहको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित स्थानीय तहका बीच समन्वय गरी एकल वा संयुक्त रुपमा सेवा शुल्क लगाउन सकिनेछ ।

(२) उपदफा (१) वमोजिमको सेवा शुल्क सेवा सञ्चालकले प्रवेश टिकटमा नै समावेश गरी सङ्कलन गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम सङ्कलन गरेको शुल्क सङ्कलन गरेको अर्को महिनाको सात गतेभित्र विबरण साथ कर एकाइमा दाखिला गर्नुपर्नेछ ।

(४) गाउँपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराइएको अनुसूची २ मा उल्लिखित कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवाग्राहीलाई बार्षिक आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क रदस्तुर लगाई असूल उपर गरिनेछ।

तर, धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिमको शुल्क लिइने छैन।

(५) गाउँपालिकाले अनुसूची ३ मा उल्लिखित व्यवसाय वा संस्थाको दर्ता, अनुमति, नविकरण तथा नियमन जस्ता कार्यमा बार्षिक आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क एवं दस्तुर लगाउने र उठाउनेछ।

४०. **पर्यटन शुल्कः** (१) गाउँपालिका आफैले निर्माण, सञ्चालन तथा व्यवस्थापन गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय

र पर्यटकीय कृयाकलापमा बार्षिक आर्थिक ऐनले तोकेको दरमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्यटन शुल्कको दर निर्धारण गर्दा पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

४१. **सवारी साधन पार्किंग शुल्क :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गरेको समयको आधारमा बार्षिक आर्थिक ऐनले तोकेको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर, राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ ।

(३) गाउँपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी स्थानीय ट्राफिक प्रहरीको एकाइसँग समन्वय गरी निर्धारण गर्नु पर्नेछ ।

४२. **विक्री तथा शुल्क:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलवाट वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा उत्पादन हुने , ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुहरु बार्षिक आर्थिक ऐनले तोकेको दरमा विक्री गर्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानीबाट वाताबरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वाताबरणीय परिक्षणले तोकेको परिमाणमा गरिने ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य

वस्तुको उत्खनन्, सङ्कलन वा विक्रीमा बार्षिक आर्थिक ऐनले तोकेको दरमा उत्खनन् तथा सङ्कलन शुल्क लगाउनेछ ।

(३) गाउँपालिकाले वनकार्यालयको अधिकार क्षेत्रको बाहेक आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्नेछ ।

(४) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु कार्यपालिकाको निर्णय बमोजिम लिलाम विक्री गर्न सक्नेछ ।

(५) गाउँपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम, पुस्तक, नक्शा वा अन्य जनपयोगी सेवाहरु बार्षिक आर्थिक ऐनले तोकेको दरमा विक्री गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम विक्री तथा शुल्क वापत प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

४३. **बहाल विटौरी शुल्क:** (१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको वा आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको पोखरी, ताल तलैया, पार्क, हाटबजार, प्रदर्शनीस्थल वा मेला वा जात्रामा अस्थायी अनुमति दिएका घर पसल तथा सार्वजनिक, पर्ति वा ऐलानी जग्गामा बनेका संरचनाको उपयोग बापत बार्षिक आर्थिक ऐनले तोकेको दरमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आफ्नो स्वामित्वमा रहेको वा आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको पोखरी, ताल तलैया, पार्क, हाटबजार, प्रदर्शनीस्थल बहाल विटौरीमा दिंदा अवधी तोकी शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

(३) यस दफा बमोजिम गाउँपालिकालाई बहाल विटौरी शुल्क बुझाएकै आधारमा मात्र सार्वजनिक, पर्ति वा ऐलानी जग्गामा बनेका घर जग्गा वा सम्पत्ति उपर सोको उपयोग गर्ने व्यक्तिको कुनै किसिमले स्वामित्व कायम भएको मानिनेछैन र गाउँपालिका वा प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले त्यस्तो घर जग्गा वा सम्पत्ति

जुनसुकै बखत खाली गर्ने आदेश दिन यस व्यबस्थाले बाधा पुर्याएको मानिनेछैन ।

४४. **सामुदायिक वनबाट आय प्राप्त गर्नेः** (१) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार उपयोग तथा विक्री सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सामुदायिक बनले गाउँपालिकाको सञ्चित कोषमा जम्मा गनुपर्नेछ ।

४५. **छुट वा मिनाहाः** (१) गाउँपालिकाले यस ऐन बमोजिम लिने गैरकर राजस्वमा सामान्यतया कुनै किसिमको छुट सहुलियत वा मिनाहा दिइने छैन ।

तर प्राकृतिक विपद् वा यस्तै विशेष अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजस्वमा आधार र कारण खुलाई कार्यपालिकाको निर्णयको आधारमा आंशिक वा पूर्ण

रूपमा छुट दिन वा मिनाहा गर्न यस व्यवस्थाले बाधा परेको मानिने छैन ।

(२) उपदफा (१) बमोजिमको छुट वा मिनाहा दिँदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ ।

(३) उपदफा (१) बमोजिम गैरकर राजस्व छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि वस्ने सभाको पहिलो वैठकमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद -११

## समन्वय सम्बन्धी व्यबस्था

४६. **नेपाल सरकारसँग समन्वयः** (१) गाउँपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन गाउँपालिका वा सोको अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार

दिएको अधिकृतसँग समन्वय गरी आवश्यक व्यबस्था गर्न सक्नेछ ।

(३) गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा करको प्रशासनसँग सम्बन्धित विषयमा नेपाल सरकारसँग समन्वय गनुपर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अन्तरगत समन्वय गरी टुङ्गोमा पुऱ्याएको विषय यस ऐनमा परे सरह मानिने छ र ती व्यबस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

४७. **प्रदेश सकारसँग समन्वयः** (१) गाउँपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन गाउँपालिका वा सोको अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार

दिएको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसँग सम्बन्धित विषयमा प्रदेश सरकारसँग समन्वय गर्नुपर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अन्तरगत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

४८. **केन्द्रीय बैंकसँग समन्वयः** गाउँपालिकाले कर र गैरकर राजस्वको सङ्कलन, बाँडफाँट र कारोबारका सम्बन्धमा नेपाल राष्ट्र बैंकसँग समन्वय गरी आवश्यक व्यबस्था गर्न सक्नेछ ।

४९. **अन्य निकाय, कार्यालय र संघसंस्थासँग समन्वयः** (१) गाउँपालिका वा अधिकार प्राप्त अधिकारीले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तरगतका

सरकारी निकाय, बैंक वा संघसंस्थासँग आवश्यक समन्वय गर्न सक्नेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास खास सामग्री वाकारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा गाउँपालिकाले तत् तत् निकायसँग समन्वय गरी कर छुट सम्बन्धी व्यबस्थाको पालना गर्ने गराउनेछ ।

## परिच्छेद -१२

## विविध

५०. **सरोकारवालासँग परामर्श गर्नुपर्ने** :(१) गाउँपालिकाले राजस्व सम्बन्धी नीति, कानून र दर नयाँ प्रस्ताव गर्नु पर्दा सरोकारवालासँग आवश्यक परामर्श गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परामर्श गर्दा स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम गठित स्थानीय राजस्व परामर्श समिति मार्फत गर्नु पर्नेछ ।

५१. **सूचना सार्वजनिक गर्नुपर्ने** : (१) यस ऐन बमोजिम गाउँपालिकाले लगाएको कर र गैरकर राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्र र अन्य उपयुक्त माध्यमबाट समेत सार्वजनिक गर्नुपर्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेरका बिषयलाई आफ्नो वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) गाउँपालिकाले कर र गैरकर राजस्वका दर र सोमा भएको हेरफेर सम्बन्धी विबरण नेपाल सरकारका सम्बद्ध निकायहरुमा समेत उपलब्ध गराउनु पर्नेछ।

५२. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :** गाउँपालिकाले यस ऐन बमोजिम लगाउने करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ।

५३. **अदालतलाई भए सरहको अधिकार हुने :** यस ऐनको प्रयोजनको लागि गाउँपालिकाको अधिकार प्राप्त अधिकारीले सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान, गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

५४. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवम् कर वा रकम बुझाएको रसिद दिने लगायतका कर तथा गैरकर राजस्व सम्बन्धी काम कारबाही विद्युतीय माध्यमबाट गर्न सकिने व्यबस्था मिलाउन सक्नेछ ।

५५. **आय ठेक्का सम्बन्धी व्यबस्था** : (१) गाउँपालिकाद्वारा कर सङ्कलन गर्ने कार्यका लागि सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन ।

तर, जडिबुटी, कवाडी र जीबजन्तु कर तथा विज्ञापन करहरु सङ्कलन गर्न ठेक्का बन्दोबस्त नै गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस ऐन बमोजिम सङ्कलन गर्ने सेवाशुल्क, दस्तुर र ढुङ्गा, गिट्टी, वालुवा जस्ता प्राकृतिक स्रोतको उत्पादन विक्रीको लागि कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी सङ्कलन गर्न सक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा कार्यपालिकाले निर्णय गरी बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न यस व्यबस्थाले बाधा परेको मानिने छैन ।

(३) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म,

संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(४) गाउँपालिकाले चालु आर्थिक वर्षको पहिलो चौमासिक भीत्र आय ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(५) यस दफा बमोजिम हुने आय ठेक्का बन्दोबस्तका लागि आवश्यक बोलपत्र आव्हान, दरभाउपत्र तथा डाँक बढाबढ, पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु गाउँपालिकाले स्वीकृत गरेको कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

५६. **कागजातको ढाँचाः** यो ऐन र यस ऐन अन्तरगत बनेको नियमावली वा कार्यविधि वा निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विबरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यबस्था गर्न उपयुक्त देखिएमा कार्यपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

५७. **सूचना तामेली रीत पुगेको मानिनेः** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा

पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेरपुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षकलाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय, संघसंस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुख वा सो कार्यका लागि तोकिएको कर्मचारीलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको वा विद्युतीय

माध्यमबाट सम्बन्धित पक्षको विद्युतीय ठेगानामा पठाएको,

(छ) सम्बन्धित व्यक्तिको घरदैलोमा स्थानीय तहका जनप्रतिनिधिहरुको रोहवरमा टाँस गरेको ।

(२) कर एकाइको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको वा छाप लगाइ तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको कागजात मानिनेछ ।

५८. **कागजातको अभिलेख राख्ने :** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः

(क) यस ऐन बमोजिम गाउँपालिकामा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुर्याउने कागजातहरु,

(ग) खर्च कट्टी गर्नुपर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(२) कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय बर्ष समाप्त भएको मितिले कम्तीमा पाँच वर्षको अवधीसम्म सुरक्षित राख्नु पर्नेछ ।

५९. **<u>कर अधिकृतको परिचयपत्र</u>** : कर एकाइमा काम गर्ने कर अधिकृत र अन्य कर्मचारीले काम गर्ने समयमा सेवाग्राहीले समेत सहज रुपमा देख्न सक्ने गरी परिचयपत्र लगाउने र कर्तब्य पालनाको सिलसिलामा सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

६०. **<u>विभागीय कारवाही हुने</u>** : (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनुपर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानी नोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा

करदाताबीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ती गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नुपर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफूले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि अधिकारप्राप्त अधिकारी समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधीभर सो कर्मचारीलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ ।

(५) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधी निजको सेवा सम्बन्धी कानूनमा अन्यथा व्यबस्था भएको अवस्थामा बाहेक तीन महिनाभन्दा बढी हुने छैन ।

६१. **करदाता शिक्षा कार्यक्रम संचालन गर्न पर्ने :** गाउँपालिकाले राजश्व संकलन कार्यलाई सहायता पुग्ने गरी करदाता शिक्षा संचालन गर्न सक्नेछ ।

६२. **पुरस्कृत गर्न सक्ने :** (१) गाउँपालिकाले मापदण्ड निर्धारण गरी कुनै करदातालाई उत्कृष्ठ करदाताको रुपमा प्रत्येक वर्ष पुरस्कृत गर्ने व्यबस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरष्कारको स्वरुप, परिमाण वा सो सम्बन्धी अन्य व्यबस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) कुनै करदाताले यस ऐन बमोजिम गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कर तथा गैर कर राजस्व रकम तिनुपर्ने रकमभन्दा कम बुझाएको वा राजस्व चुहावट गरेको सूचना दिएको आधारमा गाउँपालिकालाई थप राजस्व प्राप्त हुन आएमा त्यसरी थप हुन आएको राजस्वको दश प्रतिशत रकम सूचना दिने व्यक्तिलाई नगद पुरस्कार दिइनेछ ।

(४) उपदफा (३) बमोजिम सूचना दिने व्यक्तिको विवरण गोप्य राखिनेछ ।

६३. **म्याद, हदम्याद गणना** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदनको अन्तिम

निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

६४. **नियमावली, निर्देशिका वा कार्यविधि बनाउने अधिकार** :(१) यस ऐन बमोजिमको काम प्रभावकारी रूपमा सम्पादन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियमावली स्वीकृत गरी लागू गर्न सक्नेछ ।

(२) गाउँ कार्यपालिकाले यो ऐन र उपदफा (१) अनुसारको नियमावलीको अधिनमा रही देहायको बिषयमा छुट्टै कार्यविधि स्वीकृत गरी लागू गर्न सक्ने छः

(क) सम्पत्तिको पहिचान, विवरण सङ्कलन, अभिलेख प्रणाली, सम्पत्ति मूल्याङ्कन तथा कर असूली सम्बन्धी कार्यविधि ।

(ख) भूमीकर (मालपोत) लगाउने प्रयोजनका लागि जग्गाको वर्गीकरण, मूल्याङ्कन, कर निर्धारण, कर दाखिला, असूली

प्रकृया आदिका लागि कार्यविधि ।

(ग) घर बहाल कर लगाउने प्रयोजनका लागि करदाता पहिचान र दर्ता, विवरण दाखिला, कर निर्धारण, कर दाखिला, असूली प्रकृया आदिका लागि कार्यविधि ।

(घ) व्यबसाय कर लगाउने प्रयोजनका लागि व्यवसाय दर्ता, नविकरण, कारोबारको विवरण दाखिला, कर निर्धारण, कर दाखिला, असूली प्रकृया आदिका लागि कार्यविधि ।

**६५. वाधा अड्काउ फुकाउने अधिकार** : (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो वाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै ऐनमा उल्लेख भए सरह मानिनेछ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा यस ऐनमा उल्लिखित मूलभूत कुरालाई असर नपर्ने गरी गर्नु पर्नेछ।

६६. **बचाउ :** यो ऐन लागू हुनुपूर्व गाउँपालिकाले लगाएका कर तथा गैर कर तथा सोसँग सम्बन्धित भए गरेका कामकारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# अनुसूची - १

## (दफा ३९ को उपदफा (१) सँग सम्बन्धित)

## स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सेवाहरु

क) केबलकार

ख) ट्रेकिङ्ग

ग) कायाकिङ्ग

घ) क्यानोनिङ्ग

ङ) बञ्जी जम्प

च) जिपफ्लायर

छ) र्‍याफ्टिङ्ग

ज) प्याराग्लाइडिङ्ग

चुरे गाउँपालिका

अनुसूची - २

(दफा ३९ को उपदफा (४) सँग सम्बन्धित)

## गाउँपालिकाले उपलब्ध गराएका सेवा वा पूर्वाधारहरु

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, सम्मेलन केन्द्र र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, मेला, कृषि उपज तथा पशुपंक्षी संकलन केन्द्र, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल निकास, पुल पुलेसा, जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) गाउँपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी सेवा,

(छ) ऐतिहासिक रपुरातात्विक स्थल एवम् धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

(ज) भवन निर्माण अनुमति दस्तुर

(झ) व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर ( संघीय कानूनले तोके बमोजिम)

चुरे गाउँपालिका

अनुसूची - ३

(दफा ३९ को उपदफा (५) सँग सम्बन्धित)

गाउँपालिकाले दर्ता, अनुमति, नविकरण तथा नियमन गर्ने संस्था र व्यबसायहरु

(क) सहकारी संस्था

(ख) एकसय वाटसम्मको एफ.एम. रेडियो

(ग) "घ" बर्गको निर्माण व्यबसायी इजाजत

(घ) आधारभूत तथा माध्यमिक तहको साधारण तथा प्राविधिक विद्यालय स्थापना तथा सञ्चालन

(ङ) ट्युसन तथा कोचिङ्ग सेन्टर

(च) व्यवसाय दर्ता

(छ) जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ संस्था र क्लिनिक दर्ता

(ज) संघ संस्था दर्ता

(झ) लघु घरेलु तथा साना उद्योगको दर्ता

**आज्ञाले**

**विविराज सोती**

**नि. प्रमुख प्रशासकीय अधिकृत**